राष्ट्रिय दैनिक

# गोरखा समाचार

GorkhaSamacharDaily

जि.प्र.का. गोरखा द.नं. ०६-०७३/७४

वर्षः ५ अंकः १७९ २०७८ पौष २० मंगलबार 2022 January 4 Tuesday नेपाल संवतः ११४० पृष्ठ संख्याः ४ मुल्यः रु. ५

**हार्दिक अनुरोध**

कोरोनाबाट बच्न मास्कको प्रयोग गरौं, भिडभिडमा नजाऔं, भौतिक दुरी कायम गरौं, स्यानिटाइजर र साबुनपानीले बारम्पार हातलाई किटाणु मुक्त बनाऔं।

**कलश आयल स्टोर्स**
**मनासलु ट्रेडर्स, गोरखा**

# तीन दिनसम्म कार्यक्रम गरी पृथ्वीजयन्ती मनाइने

**गोरखा समाचारदाता**
पुस १९ । गोरखा

विविद्य कार्यक्रम गरी पृथ्वीजन्यती मनाइने भएको छ । राष्ट्रू निर्माता तत्कालिन राजा पृथ्वीनारायण शाहको जन्मोत्सवका अवसरमा आगामी पुस २५, २६ र २७ गते विभिन्न कार्यक्रम गर्ने निर्णय गोरखा नगरपालिकाले गरेको हो । सोमबार बसेको सरोकारवालाहरुको बैठकले तीन दिनसम्म विभिन्न कार्यक्रम गर्ने निर्णय गरेको नगरप्रमुख राजनराज पन्तले बताए ।

'सरोकारवाला संघ सस्थाहरु सबैलाई बोलाएर ५०१ सदस्सिय मुल समारोह समिति गठन गरेका छौं,' उनले भने,'सबैको सल्लाहका आधारमा विभिन्न कार्यक्रमहरु बनाइएको छ । र त्यसको अगुवायी विभिन्न संघसस्थाले गर्नेछन् ।' नगरप्रमुख पन्तको संयोजकत्वमा गठित मुल समारोह समितिमा जिल्लामा क्रियाशिल विभिन्न सरकारी कार्यालय, संघ संस्था एवं सरोकारवाला व्यक्तिलाई सदस्य बनाइएको छ । सोही अनुरुप पहिलो दिन २५ गते गोरखा जेसिसको आयोजनामा पृथ्वीनारायण शाहको व्यक्तित्वका बारेमा गोरखा नगरपालिका भित्रको अन्तर मावि स्तरीय वक्तृत्वकला प्रतियोगिता हुनेछ । २६ गते रोट्याक्ट क्वल अफ गोरखाको आयोजनामा दौंड प्रतियोगिता हुने उनले बताए । ९ किलोमिटर लामो उक्त दौड ऐतिहासिक पस्लाङ चौताराबाट गोरखा दरबारसम्म हुने बताइएको छ। २७ गते बिहान निर्माण व्यवसायी संघको अगुवायीमा कारागारमा रहेका कैदीबन्दी र गोरखा अस्पतालमा रहेका विरामीलाई फलफूल वितरण गर्ने कार्यक्रम तय भएको छ। २७ गते झाकी न्याली सहितको कार्यक्रम हुनेछ । त्यसको संयोजन गोरखा उद्योग वाणिज्य संघले गर्ने निर्णय भएको नगरपालिकाले जनाएको छ । सोही दिन मानव सेवा आश्रमको मेची महाकाली यात्राका क्रममा गोरखा आइपुगेको टोलीले समेत कार्यक्रम गर्ने तय भएको छ। पृथ्वीजयन्तीको साँझ पत्रकार महासंघ गोरखाको समन्वयमा पृथ्वीनारायण शाहको शालिक परिसरमा दिप प्रज्वलन गर्ने पनि निर्णय भएको छ ।

यसैवीच आइतबार बसेको नगर कार्यपालिकाको बैठकले पृथ्वी जयन्तीको अबसरमा गोरखा नगर क्षेत्रमा सार्वजानिक बिदा दिने निर्णय गरेको थियो। राष्ट्रू निर्माता पृथ्वीनारायण शाहको योगदानको कदर गर्दै अहिलेको

**बाँकी ३ पेजमा...**

# यस वर्ष पनि सेनाले एकिकरण पदयात्रा गर्ने

**गोरखा समाचारदाता**
पुस १९ । गोरखा

यस वर्ष पनि एकिकरण पदयात्रा हुने भएको छ। पृथ्वी जयन्तीका अवसरमा नेपाली सेनाले आगामी पुस २१ गते (बुधबार।) गोरखा देखि काठमाण्डौं पदयात्रा गर्न लागेको हो । रिपुमर्दन गणको संयोजनमा हुने पदयात्रा गोरखा दरबारबाट सुरु भएर धादिङ, नुवाकोट हुँदै काठमाण्डौको हनुमान ढोकामा पुगेर सकिनेछ ।

पृथ्वीनारायण शाहकालिन पोशाक सहित टर्च र राष्ट्रिय झण्डा बोकेर नेपाली सेनाको टोली गोरखाबाट पैदल यात्रामा निस्कने उक्त गणका सेनानी प्रकाश परियारले जानकारी दिए । तत्कालिन राजा शाहले राज्य एकिकरणको क्रममा प्रयोग गरेको बाटोको पहिचान गर्दै एकिकरण पदमार्ग निर्माणका लागि नेपाली सेनाले केहि वर्ष अघिदेखि हरेक पृथ्वी जयन्तीका अवसरमा पदयात्रा गर्दै आएको छ । 'युनिफिकेसन ट्रेल' का रुपमा सो मार्गलाई विकास गर्ने भन्दै सेनाले पदयात्रा सुरु गरेको हो। गोरखा नगर पालिका र भीमसेन थापा गाउँपालिकाको आयोजनामा पदयात्रा हुनेछ पुस २१ गते बुधबार बिहान करिब साढे ७

**बाँकी ३ पेजमा...**




# माओवादीको केन्द्रीय सदस्यमा गोरखाका ११ जना

**गोरखा समाचारदाता**
पुस १९ । गोरखा

गोरखाका ११ जना नेता नेकपा माओवादी केन्द्रको केन्द्रीय सदस्य भएका छन् । गत पुस ११ गतेदेखि १८ गतेसम्म भएको अधिवेशनले २ सय ३६ सदस्यीय केन्द्रीय समिति घोषणा गरेको छ ।

जसमा गोरखा ११ जना अटाएका हुन । नारायणकाजी श्रेष्ठ, हितराज पाण्डे, हरिराज अधिकारी, कृष्ण धिताल, चुडामणी खड्का, अमर तमु, परशुराम रम्तेल, लेखनाथ न्यौपाने, शुशिला सिम्खडा, पार्वती थापा र पम्फा बसेल केन्द्रीय सदस्य भएका हुन । ती मध्ये श्रेष्ठ र पाण्डेले पदाधिकारीको भूमिका समेत पाउन सक्ने बताइएको छ ।

**गोरखा बजारमै पहिलोपटक सम्पुर्ण काम-एकै ठाम**

**सगरमाथा अफसेट प्रेस एण्ड सिर्जना फ्लेक्स प्रिन्ट, R.R डिजिटल फोटो स्टुडियो, सायर प्रिन्टिङ प्रेस सबै एकै ठाउँमा**

**हाम्रा सेवाहरु** छपाई सम्बन्धि सम्पुर्ण कामहरु, फ्लेक्स, ब्यानर सम्बन्धि सम्पुर्ण काम, छाप सम्बन्धिको काम, फोटो सम्बन्धि सम्पुर्ण कामहरु तथा कपमा फोटो प्रिन्ट, टिसर्ट प्रिन्ट, फाइबर झोला प्रिन्ट, डिजिटल आइडि कार्ड, प्रमाणपत्र सम्बन्धि काम, मायाको चिनो लगायत सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

हरमटारी, गोरखा (कैलाशमिनी मार्केट) । सम्पर्क : ९८४६७५२३३५, ९८०६६३८३८२

**हार्दिक अनुरोध**

कुहिने फोहोर कम्पोष्ट मल बनाउन प्रयोग गरौं ।
नकुहिने फोहोर जथाभावी नफालौं, नपोलौं ।
बतावरण प्रदुषण हुनबाट जोगाऔं ।

गोरखा नगरपालिका गोरखा ।

**सुनगाभा सेनेटरी सेल्स एण्ड सप्लायर्स**



**हरमटारी गोरखा**
(प्राइम बैंक भएको घर)



हामी कहाँ किचन, वाथरूम, ट्वाइलेट, प्यासेज, धारा फिटिङ्को लागि आवस्यक टायल, मार्वल, प्यान, कम्बोड लगायत एसियन पेन्ट्स कम्पनीका बिभिन्न प्रकारका रंगहरू सुपथ मुल्यमा पाईन्छ ।
प्रो. राजकुमार थापा पुलामी मगर, ९८५६०४०८४५

गोरखा समाचार दैनिकका लागि
कैलाशबाबु श्रेष्ठ - ९८५६०४०५०९
नरेन्द्र ढकाल - ९८४६०९८०७३
मोहसिन अलि मियाँ - ९८५६०४०७६१

विज्ञापनका लागि
अब्जल मियाँ - ९८४६७४७००२
०६४-४२०३९८

## सम्पादकीय

### महिलाको सहभागिता बढाऔं

नेपाल पितृ सत्तामक देश हो। यहाँ महिलाहरु अबसरबाट बञ्चित छन्। पछिल्लो राजनितक परिवर्तनपछि बनेको संबिधानले महिलाको सहभागिता सुनिश्चित गरेपनि त्यो प्रयाप्त छैन। कतिपय सहभागिता कागजमा मात्र सिमित जस्तो देखिन्छ।

नेपालको पूर्वाधार बिकासका क्षेत्रमा महिला सहभागिता न्यून छ महिला निर्माण व्यवसयीहरुलाई औलामा गन्न सकिएला। उपभोक्ता समितिहरुमा पनि कम्तीमा ३३ प्रतिशत सहभागिता हुनुपर्ने बाध्यकारी कानून छ। सोही अनुरुप महिलाहरु सहभागी भएको पाइन्छ। तर नीतिगत निर्णय गर्ने ठाउँमा उनीको उपस्थिती हुँदैन। अध्यक्ष लगायतका मुख्य पदमा पुरुषहरु नै हावी देखिन्छन्। नितिगत रुपमा मिलाउन मात्र महिला राख्ने र हस्ताक्षर मात्र गराउने परिपार्टी विद्यमान छ। महिलाहरु पुरुषको तुलनामा बढि पारदर्शी छन्। उनीहरुबाट आर्थिक अनियमितता हुन सक्ने सम्भावना निकै कम देखिन्छ। अनि उनीहरु अनियमितता पनि स्वीकार्न सक्दैन। त्यसैले महिलाहरु सहभागी हुँदा पुरुषहरुलाई समस्या पर्ने देखिएका अहिलेसम्म दबाएर राख्न खोजिएको पाइन्छ। महिला सहभागिता कम हुनुमा स्वम् महिला पनि उत्तिकै दोषी छन्। सकभर घर बाट बाहिर निस्कन नखोज्ने, निस्किहाले पनि जिम्मेवारी लिन नखोज्ने, जिम्मेवारी लिइहाले पनि मुख्य पदमा जान हिचकिचाउने समस्या अधिकाशं महिलाहरुको हो। जसका कारण पुरुषहरुले गणक पुऱ्याउन मात्र महिला राख्छन्। अनि उनीहरुको क्षमता बिकास हुन सकेको पाइदैन।

महिला पनि अब हरेक क्षेत्रमा नेतृत्व गर्न सक्छन्। अहिले त गाउँमा महिलाहरु नै धेरै छन्। यस्तो अबस्थामा महिलाहरुको क्षमता बिकास गरेर उनीहरुलाई राज्यको हरेक कार्यमा अघि बढाउनु पर्छ। पूर्वाधार बिकासको काममा पनि नेतृत्व लिन सक्ने अबस्थामा पुऱ्याउनु जरुरी छ।

**राना फर्निचर** शक्तिचोक, गोरखा

हामीकहाँ काठ दराज, बक्स पलङ्ग, लो बेड, सुन्दर कार्पेट, आकर्षक डिजाइनका सोफा डाइनिङ सेट, कम्प्युटर टेबल, डल्फिन चियर, डल्फिन टेबुल सेट, म्याट्रेस, पी ई फर्म, किचन ऱ्याक, पर्दा सेट र विभिन्न साइजका कुर्सी, घर र अफिसका लागि तथा विवाहमा आवश्यक फर्निचरहरु सुपथ मूल्यमा पाइन्छ।

*प्रो. बिष्णु राना मगर ९८४६०४२६२९, ९८५६०२४६२९, ०६४-४२०४७०*

**दाजु भाई ड्राईभिङ इन्स्टिच्युट प्रा.लि.**

दर्ता नं. ७३१६२/०६६ — एपोलोमार्ग, गोरखा

हामी कहाँ दक्ष तथा अनुभवी प्रशिक्षकहरुद्धारा मोटरसाइकल, स्कुटर, जीप, कार, भ्यान, सवारी साधन सिकाइनुका साथै हेभि, मिनी, ट्याक्टरको लाइसेन्स प्रोसेस वा गाडीको कागजपत्र तथा लाइसेन्स नविकरण गर्नु परेमा हामीलाई सम्झनुहोस्। **नोट : ट्याक्सी**




**प्रो. जहान सिं दानकोटी**
(९८१४१६६१४०, ९८६३९२४३३३)



**गुरुङ ड्राइभिङ ट्रेनिङ सेन्टर**

हाम्रा सेवाहरु — शाखा कार्यालय, बसपार्क गोरखा

- अनुभवी तथा दक्ष ड्राइभरद्धारा कार, स्कुटर मोटरसाइकल
- विदेश जानेका लागि बिषेश कोर्सको ब्यवस्था।
- पश्चिमकाली नजिकै ट्रायलकोट मै ट्रायल सिकाइने।
- लाइसेन्स, बिलबुक नविकरण तथा प्रतिलिपी निकालिदिने।



**प्रो. उमेश गुरुङ सम्पर्क : ९८५६०४०४२८**

# जोखिम समूहका व्यक्तिलाई अतिरिक्त मात्रा खोप दिने निर्णय

**गोरखा समाचारदाता**
पुस १९। गोरखा

सरकारले नेपालमा कोभिड १९ विरुद्धको अतिरिक्त मात्रा खोप दिने निर्णय गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जोखिम समूहमा रहेका व्यक्तिलाई पूर्ण खोप लगाएको भए पनि भविष्यमा हुनसक्ने जटिलतालाई मध्यनजर गर्दै थप मात्रा खोप मात्रा दिने निर्णय गरेको हो।

अतिरिक्त खोप पहिले जुन खोप लगाइएको हो सोही खोप नै दिइने मन्त्रालयले जनाएको छ। मन्त्रालयले यसलाई बुस्टर डोज नभई रोगसँग लड्ने क्षमता कम भएका व्यक्तिहरुलाई दिन लागिएको थप खोप भएको जानकारी दिएको छ। सरकारले दिन लागेको मध्यम तथा गम्भीर रुपमा रोगप्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिहरु सक्रिय क्यान्सरका बिरामी,अंग प्रत्यारोपण गरेका बिरामी, एचआइभी भएका बिरामी,उपचारको क्रममा रोग प्रतिरोधात्मक क्षमता कम गराउने औषिध सेवन गरिरहेका बिरामी पाउने मन्त्राललले जनाएको छ। यसका साथै भेरोसेल वा सिनोफार्म खोप लगाएका ६० वर्ष माथिका सबै व्यक्तिले पनि सरकारले दिन लागेको अतिरिक्त खोप पाउने मन्त्रालयले उल्लेख गरेको छ। मन्त्रालयका अनुसार थप खोप लगाउनका लागि पहिले खोप लगाएको तीन महिना पुगेको हुनुपर्नेछ। खोप लगाउनका लागि आफूले पहिले खोप लगाएको कार्ड लिएर आफनो नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न मन्त्रालयले आग्रह गरेको छ।

**आधुनिक सुनचाँदी**




## दरौदी गोरखा (वृहत लिफ्टिङ) खानेपानी समितिको सूचना।

यस दरौंदी गोरखा खानेपानी आयोजना सञ्चालनको लागि विभिन्न पदमा कर्मचारी आवश्यक भएको सूचना प्रकाशन गरिएकोमा मिति २०७७/११/२५ देखि २०७७/१२/१५ भित्र आवेदन दर्ता गर्नेहरुको अन्तरवार्ता विशेष कारणवश स्थगन गरिएकोम हाल यस मानव शंसाधन समितिको निर्णय अनुसार दर्खास्तवाला प्लमबर, मिटररिडर, पम्प अपरेटर, पानी उपाचर सञ्चालक, चौकीदार र कार्यालय सहायकहरुको अन्तरवार्ता मिति २०७८/०९/२६ गते १० बजे देखि समितिकै कायालयमा बसपार्कमा हुने भएकाले यो सूचना प्रकाशित गरिएको छ। फोनमा सम्पर्क हुन नसकेका उमेदवारहरुले यसै सूचनालाई आधिकारिक मानि उपस्थित हुन अनुरोध गरिन्छ।

मिति : २०७८/०९/१९

मानव शंसोधन समिति
दरौंदी गोरखा खानेपानी तथा सरसफाई
उपभोक्ता समिति, गोरखा

## मालपोत कार्यालय गोरखाको ३५ दिने सूचना

गोरखा जिल्ला सिमजुङ गा.वि.स वडा नं ३ बस्ने श्री मैतिमाया नेपाली समेत श्री फूलमाया नेपाली मेरो आमा मिति २०५५/११/१७ मा मृत्यु भएको हुदाँहुदाँ निजको हामी मात्र हकदार भएकोले निम्न गाविसको तपसिल नपा/गापाको तपसिलको कि.न. ८९० समेतको जग्गाहरु तपसिल बमोजिम मेरो नाममा नामसारी गरी पाउँ भनी मिति २०७८/९/१९ मा निवेदन पर्न आएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलका जग्गाहरुमा निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकासित भएको ऐनको म्याद भित्र आफुसंग सबुद प्रमाण सहित यस मालपोत कार्यालय गोरखामा उजुरी गर्न आउनु होला। अन्यथा नियमानुसार निवेदकवालाको नाउमा नामसारी भई जाने छ। पछि कोईकसैले उजुरी सुनुवाई नहुने कुरा समेत सर्व साधारणको लागि सुचित गरिन्छ।

तपसिल

| क.स | न.पा | वडा नं. | कि.नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सिमजुङ | ४ | ८९० | |
| | | ३ | ८०० | |
| | | ३ | २१२ | |

निबेदक मैतिमाया नेपाली, सुकमाया र सविना बसेलले मेरी आमा फूलामाया बसेलको नाउमा भएको जग्गा नामसारी गारिपाउ भनि संयुक्त निबेदन गर्नुभएको अन्य कोहि हकदर भए ३५ दिन भित्र आवश्यक प्रमाण सहित हकदावी गर्न आउनुहुन।

## मालपोत कार्यालय गोरखाको ३५ दिने सूचना

गोरखा जिल्ला भीमसेन थापा गाउँपालिका वडा नं ४ बस्ने श्री सुनाकुमारी नेपाली श्री सिल्के सार्की मेरो पति मिति २०६४/०३/०८ मा मृत्यु भएको हुदाँहुदाँ निजको म मात्र हकदार भएकोले निम्न गाविसको तपसिल नपा/गापाको तपसिलको कि.न. ५८ समेतको जग्गाहरु तपसिल बमोजिम मेरो नाममा नामसारी गरी पाउँ भनि मिति २०७८/९/१९ मा निवेदन पर्न आएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलका जग्गाहरुमा निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकासित भएको ऐनको म्याद भित्र आफुसंग सबुद प्रमाण सहित यस मालपोत कार्यालय गोरखामा उजुरी गर्न आउनु होला। अन्यथा नियमानुसार निवेदकवालाको नाउमा नामसारी भई जाने छ। पछि कोईकसैले उजुरी सुनुवाई नहुने कुरा समेत सर्वसाधारणको लागि सुचित गरिन्छ।

तपशिल

| क.स | न.पा | वडा नं. | कि.नं. | कैफियत |
|---|---|---|---|---|
| १ | धावा | ७ | ५८ | ०-१०-१-० |
| | | ६ | ४०४ | १२-११-२-२ |
| | | ६ | २८१ | १-१२-१-० |
| | | ६ | ५१ | २-१५-३-१ |

निबेदक सुनाकुमारी नेपाली मेरो वुवा सिल्के सार्कीको नाउमा भएको जग्गा मेरो नाउमा नामसारी गारिपाउ भनी निबेदन परेकाले अन्य कोहि हकदर भए ३५ दिन भित्र आवश्यक प्रमाण सहित हकदावी गर्न आउनुहुन।

## तीनदिन...

समयमा राष्ट्रिय एकताको भावना बिकास गराउनु आवश्यक रहेको नगरप्रमुख पन्तको भनाई छ ।

'वर्तमान नेपालको एकिकरण गोरखाबाट भएको सत्य कतै पनि छिपेको छैन तर गोरखा अहिले सम्म गुम्नाम छ' उनले भने 'ऐतिहासको सम्मान गर्न सकेमात्र बर्तमान राम्रो बन्छ भन्ने हाम्रो विश्वास छ ।' पृथ्वीनारायण शाह सबैका आदरणीय व्यक्ति भएको भन्दै अमुक राजनितिक दल र व्यवस्थाको मात्र पेवा नभएको उनको भनाई छ । 'इतिहास सम्झिनु पर्छ, इतिहास बिर्सेर अघि बढ्न सकिदैन' पन्तले भने 'हामी स्थानीय सरकार मात्र होइन प्रदेश र केन्द्रले पनि पृथ्वीनारायण शाहको योगदानको कदर गर्नुपर्छ भन्ने मलाई लाग्छ ।'

प्रदेश र संघ सरकारले पनि पृथ्वीनारायण शाहको योगदानको कार्यक्रम गर्दै सार्वजानिक विदा दिनु पर्ने विभिन्न कार्यक्रम गर्नु पर्ने सर्वसाधारणको भनाई छ । सरकारले भने निर्णय गरेको छैन

## यसवर्ष...

बजे गोरखा दरबारबाट सुरु हुनेछ । पदयात्रामा १० जना तत्कालिन पृथ्वीनारायण शाह कालिन पोसाकमा र ३० जना हालको नेपाली सेनाको पोसाकमा गरी ४० जनाको समुह रहने सेनानी परियारले जानकारी दिए ।

पदयात्रामा सहभागी सैनिकहरु हनुमान चौतारीबाट पिपलथोक, ताप्ले, अश्राङ, घाटबेंसी हुँदै बोर्लाङ्गघाट पुगेर धादिङको सल्यानटारमा एक कार्यक्रम गरी गोरखाबाट लगिएको टर्च र झण्डा धादिङको शिव दल गणका टोलीलाई हस्तान्तरण गर्नेछ ।धादिङको शिव दल गणको टोलीले नुवाकोट र केहि दिनपछि नुवाकोटले काठमाण्डौलाई टर्च र झण्डा हस्तान्तरण गरेपछि उक्त टोली २६ गते साँझ काठमाण्डौंको हनुमान ढोका पुग्ने रिपुमर्दन गणका सेनानी परियारले बताए ।

त्यससंगै सो टोली २७ गते हनुमानढोकामा आयोजित पृथ्वी जयन्यतीको औपचारिक कार्यक्रममा सहभागी हुने नेपाली सेनाले जनाएको छ ।

शहिद लखन गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

२०७३

**नदिजन्य पदार्थको बिक्रीका लागि शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**( तेस्रो पटक प्रकाशित मिति २०७८ पौष २० गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को (दफा ११ र ६४) ले दिएको अधिकार प्रयोग गरी यस शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको निर्णयानुसार प्राकृतिक श्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७८/०७९ को लागि नदिजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री कार्य बोलपत्र प्रणाली मार्फत ठेक्का बन्दोबस्त गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेको ईच्छुक फर्म/कम्पनीहरुले सिलबन्दी दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा वा **https://bolpatra.gov.np/egp** मार्फत पेश गर्नुहुन सुचित गरिन्छ। अन्य थप जानकारीको लागि यस गाउँपालिकाको सूचनापाटी वा वेभसाइट www.shahidlakhanmun.gov.npतथा कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | स्थान | नदिजन्य पदार्थको परिमाण (घ. मि.) | न्युनतम दररेट रु ( प्रति घ. मि.) | न्युनतम बिक्रि मुल्य (रु.) (भ्याट बाहेक) | धरौटी रकम | सिलबन्दी दरभाउ पत्र दस्तुर | सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र फारम पेश गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| SLRM/GO/RBM/078/079-02(RE) | लुदी खोला दोभान | १०००.०० | २४६.९६ | २४६९६०.०० | कबोल अंकको पाँचप्रतिसत (५%) | रु. १०००.०० | २०७८/१०/०४ गते कार्यालय समय भित्र | २०७८/१०/०५ गते १२:०० बजे भित्र |
| SLRM/GO/RBM/078/079-04(RE) | ठेउवाटार घाट (करन वगर) | ७५००.०० | २४६.९६ | १८५२२००.०० | कबोल अंकको पाँचप्रतिसत (५%) | रु. १०००.०० | | |
| SLRM/GO/RBM/078/079-05(RE) | बूढीगण्डकी खरखरे दोभान (बुंगकोटघाट) | ६०००.०० | २४६.९६ | १४८१७६०.०० | कबोल अंकको पाँचप्रतिसत (५%) | रु. १०००.०० | | |
| SLRM/GO/RBM/078/079-6(RE) | बूढीगण्डकी ज्यादुल खोला दोभान (बुंगकोटघाट) | ३५०.०० | २४६.९६ | ८६४३६.०० | कबोल अंकको पाँचप्रतिसत (५%) | रु. १०००.०० | | |

बोलपत्र/दरभाउपत्र सम्बन्धी शर्तहरु:

बोलपत्र/दरभाउपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नं./मु.अ. करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०७७/०७८ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ। बोलपत्र/दरभाउपत्र सम्बन्धी शर्तहरु लगायत अन्य थप जानकारीको लागि सार्वजनिक खरिद तथा अनुगमन कार्यालयको वेभसाइट **https://bolpatra.gov.np/egp** वा गाउँपालिकाको वेभसाइट www.shahidlakhanmun.gov.np र तथा कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

नरेश इलेक्टोनिक्स सेन्टर



हामी कहाँ SAMSUNG ब्राण्डका फ्रिज, D-फ्रिज, LED TV, वासिङ मेसिन, मोवाइल, Dish Home को साथै बिभिन्न इलेक्ट्रोनिक सामानहरु पाईन्छ ।

हामी कहाँ सामसुङ, सान्सुइ, यासुदा, अउरा, व्राण्डका फ्रिज, डि फ्रिज, वासिङ मेसिन, मिस्चर, ट्रलि स्पिकर, डिसहोम, मोवाईलहरु, ५ देखी ३५ प्रतिशत छुटमा विक्री भइरहेको छ । साथै किस्तावन्दीमा पनि उपलब्ध छ ।

DishHome

प्रो. नरेश आले मगर

सम्पर्क नं. ०६४-४२००८२, ९८१४१४५५००, ९८४६०६८५२०

**हार्दिक अपिल**

**तपाइँको ठाउँमा घटना वा दुर्घटना केही भयो भने तत्काल प्रहरीको १०० नम्बर खबर गरी जानकारी गराउन नभुल्नुहोला । दोषी तत्काल भाग्न नपाओस् । जनहितमा गोरखा समाचार दैनिकद्वारा सम्प्रेसित ।**

प्रो० विनोद शाह

064-421272
9812151332



मॉं दुर्गा सेनेटरी सप्लायर्स

गोरखा वडा नं० 6, पैट्रोल पम्प भएको पसल



गुणस्तरीय चिन्ह ISO:9002 प्राप्त सेनेटरी वेयर वाल फ्लोर, टायल्स मार्बल चिप्स, क्रेजी, बर्जर पेन्ट्स तथा बाथरूम फिटिङ्गको थोक तथा खुद्रा विक्रेता


सूचना । सूचना । सूचना ।

तपाईहरुको चिर परिचित ॐ बिराज डेन्टलमा अब देखी प्रत्येक दिन डा.वशिन थापा मगरद्वारा बिशेषज्ञ सेवा प्रदान भईरहेको छ । दाँत, मुख तथा गिजाका बिरामीहरुले वेलैमा मौकाको फाईदा लिनुहोला । हामी कहाँ उपलब्ध सेवाहरु : दाँत, मुख, तथा गिजाको निशुल्क परिक्षण, दाँत सफा गर्ने, दाँत भर्ने, दाँतको जरै देखी उपचार गर्ने, नयाँ दाँत बनाउने, दाँतमा खोल राख्ने, दाँत नभएको गिजामा पुरै दाँत राख्ने, दाँतको एक्स-रे गर्ने, साथै गरिब तथा असहाय बिरामीको लागि निशुल्क सेवा उपब्ध छ ।

सम्पर्क : ॐ बिराज डेन्टल प्रा. लि.
आँबुखैरेनी : ०६५-५४०५८२ वा ९८५६०४००५४
गोरखा बजार : ०६४-४२०९०३, ९८५६०४०००३
नोट : ॐ बिराज डेन्टल प्रा.लि. श्रेष्ठ मिनिमार्केट आँबुखैरनी सँगैको घरमा सरेको जानकारी गराउँदछौ ।



काजी ट्रेयाक्टर पार्टस सप्लायर्स




सम्पर्क नं.
०६४-४२००३८
९८५६०४०१५६
९८४६०२८१५६
९८४६०७५४७४

**तपाइँको ठाउँमा घटना, दुर्घटना वा अपराध भए नजिकैको प्रहरी कार्यालय वा प्रहरीको १०० नम्बरमा फोर्न गर्न नभुल्नु होला ।**

शुभना

SUVANA FLEX PRINT

हरमटारी चोक-६, गोरखा

प्रो. सुजित श्रेष्ठ
९८४३७८४७८४
९८०१०१५९६४
suvanaflex2076@gmail.com

शुभना फ्लेक्स प्रिन्ट

यहाँ फ्लेक्स प्रिन्ट, फ्लेक्स बोर्ड, लाईट बोर्ड, फ्लेक्स फोटो स्टिकर प्रिन्ट, भिजिटिङ्ग कार्ड, प्रमाण-पत्र तथा कलर प्रिन्ट साथै प्रिन्टीङ्ग सम्बन्धि सम्पूर्ण काम गरिन्छ । BEST QUALITY

खेम बिन्दवासिनी सुन चाँदी पसल



हरमटारी, अस्पतालमार्ग, गोरखा

आधुनिक डिजाइनका छापावाला सुन चाँदीका गहना बनाउनुका साथै रेडिमेट गहना कम्प्युटरबाट नापतौल गरि खरिद बिक्री गरिन्छ।



# कांग्रेस नेतृ पन्त राष्ट्रिय सभा सदस्यको उम्मेदवार

**गोरखा समाचारदाता**
पुस १९ । गोरखा


नेपाली कांग्रेसले राष्ट्रिय सभा सदस्यमा गण्डकीबाट गोरखाकी कमला पन्तलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । सोमबार बसेको केन्द्रीय कार्यसमितिको बैठकले उम्मेदवारहरुको नाम टुंगो लगाएको हो ।

गण्डकीमा कमला पन्त, लुम्बिनीमा युवराज शर्मा, कर्णालीमा दुर्गाकुमारी गुरुङ, सुदूरपश्चिम प्रदेशमा नारायण मिश्र उम्मेदवार बन्ने भएका छन् । कमला पन्त कांग्रेस महाधिवेशनमा सहामन्त्रीकी उम्मेदवार थिइन् । तर उनी पराजित भएकी थिइन् । सत्तारुढ गठबन्धनमा भएको सहमतिअनुसार कांग्रेसको भागमा ६ सिट परेको थियो । आगामी माघ १२ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि गठबन्धन बैठकले कांग्रेसलाई ६, नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादी लाई ५/५, जनता समाजवादी पार्टीलाई २ र राष्ट्रिय जनमोर्चालाई एक सीट दिने गरी भागबन्डा लगाइएको हो । भागबन्डाअनुसार प्रदेश १ मा खाली हुने ३ सीटमा महिलातर्फ एकीकृत समाजवादी, पुरुषतर्फ कांग्रेस र अल्पसंख्यकको सीट जसपालाई दिने निर्णय भएको सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए ।

सत्तारुढ गठबन्धनले आपसी सिट बाँडफाँडमा ७ वटै प्रदेशमा उम्मेदवारी दिने तयारी गरेका छन् । नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, एकिकृत समाजवादी पार्टी, जनमोर्चा लगायतका दलहरुले राष्टिय सभामा मिलेर चुनाव लड्न लागेका हुन । नेकपा एमाले र प्रतिपक्षमा रहेका दलहरु वीचको अर्को गडबन्धन हुने बताइएको छ ।


# हार्दिक बधाई





यस रोटरी क्लब अफ बज्र मनासलु गोरखाका सदस्यहरु क्रमश श्री बाबुराम श्रेष्ठ निर्माण व्यवसायी संघ गण्डकी प्रदेशको उपाध्यक्ष र श्री निधिप्रसाद तिमिल्सिना रेडक्रश सोसाइटी गोरखाको उपकोषाध्यक्ष हुन भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष**

**कृष्णमान श्रेष्ठ**

**रोटरी क्लब अफ बज्र मनासुल**

**गोरखा परिवार ।**


## गोरखा क्याम्पस, गोरखाको स्नातक तह प्रथम वर्षमा भर्ना सम्बन्धी जरुरी सूचना

यस क्याम्पसमा त्रिभुवन विश्वविद्यालयको शिक्षा शास्त्र संकाय तथा व्यवस्थापन संकाय, अन्तर्गत वार्षिक प्रणाली अनुसार शैक्षिक वर्ष २०७८/०७९ को लागि **स्नातक तह प्रथम वर्ष (वि.एड.र वि.वि. एस.)** मा नयाँ विद्यार्थी भर्ना कार्यक्रम निम्नानुसार हुने भएकोले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. आवेदन फारम वितरण : २०७८ मंसिर २० गतेदेखि
२. आवेदन फारम बुझाउने तथा भर्ना हुने अन्तिम मिति: २०७८ पौष मसान्तसम्म
३. दोब्बर दस्तुरमा आवेदन फाराम बुझाउने अन्तिम मिति : २०७८ माघ ७ गतेसम्म
३. कक्षा संचालन: २०७८ फागुन १ गतेदेखि

थप कार्यक्रम :वि.एड.आईसिटी (BICTE) सेमेष्टर प्रणाली ।

१. प्रवेश परीक्षा :२०७८ माघ १५ गते
२. प्रवेश परीक्षाको नतिजा प्रकाशन :( २०७८ माघ २० गते
३. भर्ना मिति :२०७८ माघ २१ गते देखि माघ मसान्त सम्म
४.कक्षा सञ्चाल :२०७८ फागुन १ गतेदेखि
५. आवेदन फारम क्याम्पसको लेखा शाखाबाट उपलब्ध हुनेछ ।

सम्पर्क नं. ०६४४२०२३३, ९८५६०२८५७६, ९८५६०४०३९५, ९८४६०८८२०४

क्याम्पस प्रमुख
गोरखा क्याम्पस, गोरखा


शंकर श्रेष्ठ ९८४६०६८६
शिव श्रेष्ठ ९८०४१८५७
Franchaisee of INDAG
गोरखा टायर रिसोलिङ्ग सेन्टर
गो. न. पा. -३, हरमटारी, गोरखा
४, ५०-१२ देखि ११.००-२० सम्म
कोल्ड रिसोलिङ्ग ग्यारेन्टीका साथ गरिन्छ ।
नोट: नयाँ तथा पूरानो टायर खरीद बिक्री गरिन्छ

## गोरखा बजारमा एस. जि. हिमालयन सिताके स्टोर खुल्यो

नेपालको पहाडी तथा हिमाली भेगमा उत्पादीत अर्गानिक तथा विषादी रहित खाद्य पदार्थ सेवन गरी स्वास्थ्य रहौं । यहाँ जुम्लाको मार्सी चामल, सिमी, स्याउ, दाल, गेडागुढी साथै सोलुको सेतो सिमी र आलु तथा अन्य खाद्य पदार्थ जस्तै सिन्धे नुन, विरे नुन, प्राकृतिक सख्खर र ग्याष्ट्रीकोलागी अजवाई जुस पाईन्छ ।

**सिताके च्याउ र स्टबेरी चाहिएमा पनि सर्म्पक राख्नु होला ।**

**सर्म्पक : होटल प्याराडाईज बसपार्क गोरखा**

**९८४१७८११०६, ९८०८५२८५३२, ९८४६०५६४२९**

**नोट : सिताके च्याउ खेतीको परामर्श तथा तालिम आवश्यक परेमा पनि सर्म्पक राख्नु होला ।**

## बोलेरो, स्कारपियो, जिपहरूको आधिकारिक सर्भिस सेन्टर

**यहाँ महिन्द्रा कम्पनिको जिनियन पार्टस पाइनुका साथै दक्ष मेकानिक्स बाट सम्पुर्ण गाडीहरु मर्मत गरिन्छ । गोरखाको लागि बतास ब्रदर्शको आधिकारिक सर्भिस सेन्टर भएकोले नयाँ बोलेरो,स्कारपियो,जिप फ्रि सर्भिस गरिन्छ ।**

uro-4 **जिप तथा कारहरुको स्क्यान गरि समस्याको समाधान गर्ने स्क्यान मेशिन र दक्ष मेकानिक्सको पनि व्यवश्था छ । सम्पुर्ण कामहरु हाइड्रोलिक मेशिनबाट गरिने व्यवश्था छ । विगत ५ वर्षदेखि हामी तपाइँको सेवामा छौं ।**






थप जानकारीको लागि सम्पर्क : रमेश कुमार श्रेष्ठ
माँ मनकामना मोटरपार्टस, ठिगुरेस्वाँरा, गोरखा
सम्पर्क नम्बर : ०६४-४११०५५, ९८५६०३०१७९, ९८१९१८३७५६

## सुविधा सम्पन्न, दाँत र गिजाको उपचार अब गोरखा बसपार्कको संगम मेडिसेल्समा

**गोरखामा पहिलो पटक आफ्नो दाँतको उपचार आफैले हेर्न मिल्ने गरी बरिष्ठ दन्त चिकित्सकद्वारा**

**-उपचार तथा परामर्श सेवा । -दाँत निकाल्ने तथा राख्ने ।**
**-किराले खाएको दाँतलाई दाँत जस्तो रङ्गको नचिन्ने गरी गर्ने ।**
**-खिया लागेको दाँत सफा गर्ने । -दाँतको एस्रे गरिने**
**-किराले खाएर दुखेको दाँतमा जरादेखि नै उपचार गरिने ।**
**-सास गनाउने, गिजाबाट रगत आउने भएमा सफा गरिने ।**
**-बच्चाको दाँतको जरादेखि नै उपचार । -मुखमा पूरै दाँत राखिने**



**सम्पर्क : संगम मेडिसेल्स, बसपार्क गोरखा । ९८५६०४००१८**

## युनिक कम्प्युटर सेन्टरको नयाँ सोरूम खुल्यो

गोरखा बसपार्कको एनसेल टावर भएको घरमा एल.जि./सि.जी.को टि.भी. फ्रिज लगायत सम्पूर्ण घरायसी सामानहरुको साथमा ।





ल्यापटप, डेक्सटप, ब्राण्डेड कम्प्युटर, प्रिन्टर, फोटोकपी, कार्टिजहरु एवं कम्प्युटर सम्बन्धी सम्पूर्ण सामानहरु ग्यारन्टीका साथ सरकारी कार्यालय, गैह्र सरकारी कार्यालय, स्कूल एवं ब्यक्तिगत प्रयोजनको लागि विक्री तथा मर्मत गरिनुका साथै कम्प्युटर सम्बन्धी सम्पूर्ण समस्या समाधानको लागि हामीलाई सम्झनुहोस् ।



And Many More

अन्य सेवाहरु
बेसिक, डिप्लोमा एवं हार्डवर कम्प्युटर कक्षाहरुमा धमाधम नयाँ भर्ना खुल्यो ।

युनिक कम्प्युटर सेन्टर हरमटारीचोक, मन्दिर अगाडि पहिलो तलामा
फोन नं. ०६४४२१०९८, ^याक्स नं. ०६४४२०५३३, मो.नं. ९८५६०४०६६६ E-mail : broshishir@gmail.com

प्रो.नारायण सुनार ०६४-४२०६७०, ९८४६०५६२३८
## नारायण सुन चाँदी पसल



बैकरोड बसपार्क, गोरखा


प्रकाशक/सम्पादक : रमा सिंखडा, जि.प्र.का. द.नं. ०६-०७३/०७४ कार्यालय : गो.न.पा.-६, हरमटारी गोरखा, फोन नं. : ०६४-४२०३९८
मुद्रक: मनासलु अफसेट प्रेस, गोनपा ६ हरमटारी , गोरखा, ०६४-४२०३०८ इमेल : gorkhasamachardainik@gmail.com